गा पा अध्यक्ष: 9858088200
प्रमुख प्रशासकीय अधिकृत:9858067444
सुचना अधिकारी:9858320495

# बराहताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बड्डिचौर,सुर्खेत
कर्णाली प्रदेश , नेपाल

प: .सं. २०८२/८३
च .नं.

मिति २०८२।०४।२१
ने.सं.११४५ गुलाथ्व द्वादशी

## आ.ब २०८२/०८३ मा सूचिकृत भएका विज्ञापन एजेन्सी फर्म/कम्पनीहरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्ने बारे

## सूचना

यस गाउँपालिकाको कार्यालय अन्तर्गतका बिभिन्न शाखा तथा इकाईहरुले आर्थिक वर्ष २०८२/०८३ मा पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्न यस कार्यालयकमा सूचीकृत भएका विज्ञापन एजेन्सी फर्म/कम्पनीहरुबाट यसै सूचनासाथ संलग्न विवरणहरु यस कार्यालयको website:www.barahatalmun.gov.np बाट डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले ७ कार्यदीन भित्र यस कार्यालयमा खामबन्दी गरि पेश गर्न सूचित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी सुर्खेत
कर्णाली प्रदेश नेपाल
२०७३

# बराहताल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुनाथरी, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट तथा दररेट सम्बन्धी प्रस्ताव फाराम

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी सुर्खेत
कर्णाली प्रदेश नेपाल
२०७३

प्रेम बहादुर थि.सी.
प्रमुख प्रशासकीय अधिकृत

बराहताल गाउँपालिका गाउँ कायपालिकाको कार्यालय, कुनाथरी सुर्खेतबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट तथा दररेट सम्बन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फारममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकाहरुमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरको छु/छौँ ।

फर्मको नामः

ठेगानाः

संचालक/प्रोप्राइटर/सस्थाले अख्तियारी दिएको व्यक्ति

पुरा नामः

हस्ताक्षरः

फोन नं.:

मोवाइल न.:

इमेलः

| फर्मका छाप |
|---|
| |

## खण्ड–क: सामान्य जानकारी तथा शर्तहरु

### क) प्रस्तावदाताहरुलाई निर्देशन तथा शर्तहरु

१. यो प्रस्ताव फारम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न वा कार्यालयको वेभसाइट www.barahatalmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

२. प्रस्तावदाताले फर्म दर्ता तथा नविकरण भएका इजाजत पत्र तथा मुल्य अभिवृद्धि कर दर्ता भएका प्रमाण पत्रका प्रतिलिपि, सम्बन्धित पत्रपत्रिकाका लागि विज्ञापन एजन्सीका रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएका प्रमाणपत्र (स्थानीय पत्रपत्रिका (दैलख तथा सर्खेतबाट प्रकाशन हुने का हकमा पकाशन गर्न अधिकारपत्र/अनमतिपत्र) को प्रतिलिपि, आ.व २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण–पत्रको प्रतिलिपि संलग्न राखी प्रथम पटक सूचना प्रकाशन भएको ७ दिनभित्र यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी प्रस्ताव दर्ता गर्न सकिनेछ ।

३. प्रस्तावदाताले सिलबन्दी प्रस्तावको बाहिर 'बराहताल गाउँपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयाजनार्थ छुट तथा दररेट सम्बन्धी प्रस्ताव' उल्लेख गर्नुपर्ने छ ।

४. प्रस्तावदाताले छुट दिन प्रस्ताव गरको प्रतिशत तथा प्रकाशन गर्न प्रस्ताव गरेका दररेट अङ्क र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । उल्लेख गरको विवरण गल्ती भई सच्याउन पर्ने भएमा खुर्कने, मेटने वा टिपेक्स लगाउने कार्य नगरी पढन सकिने गरी एउटा धस्र्ोले काटी विवरण थप्नपर्ने भएमा थप चिन्ह प्रयाग गरी थप गर्ने र थप गरको तथा काटेको स्थानमा पछि थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ । सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिइने छैन ।

५. प्रस्ताव पेश गर्दा प्रस्तावको साथ तोकिएका पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकाशन गरेको दररेट समेत संलग्न राख्नुपर्नेछ ।

६. पेश भएका सम्पूर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपर्वक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनुपर्नेछ ।

७. प्रस्ताव सम्बन्धी फारममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. प्रस्तावदाताले पेश गरको प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आशिंक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. रीत नपगेका, तोकिएका कागजातहरु संलग्न भई नआएका र तोकिएको मिति भन्दा पछि आएका प्रस्तावहरु स्ल्यांकनमा समावेश गरिनेछैन ।

### ख) प्रस्तावदाताहरुले कार्य सम्पादनका सिलसिलामा पालना गर्नुपर्ने कायक्षेत्रगत शर्तहरु

१. राष्ट्रिय स्तरका पत्रपत्रिकाहरुमा सूचना प्रकाशन गर्दा दिइने छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकाशित गरेको दररेटमा लागु हनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित गरेको दररेटमा कुनै परिवर्तन भएमा सोको जानकारी प्रस्तावदाताले यस कार्यालयलाई यथासम्भव छिटो यस कार्यालयलाइ जानकारी गराउनु पर्नेछ ।

२. स्थानीय स्तरका पत्रपत्रिका –दैलेख तथा सुर्खेतबाट प्रकाशन हुने को हकमा यस प्रस्तावमा पेश गरेको दररेट चालु आर्थिक वर्षभर विशेष कारण विना परिवर्तन गर्न पाइने छैन यदि परिवर्तन भएमा सो पश्चात उक्त प्रस्ताव रद्द गरी न्यूनतम दररेट पेश गर्ने दोस्रो प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

३. सम्बन्धित पत्रपत्रिकाले सूचना प्रकाशित गर्ने सम्बन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको थप छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनुपर्ने छ ।

४. प्रकाशन गर्नुपर्ने सूचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएका मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

५. यस कार्यालयले दिएको आदेश विपरित प्रकाशित सामाग्रीको रकमको भुक्तानी यस कार्यालयले दिनेछैन ।

६. सामान्यतया सूचना प्रकाशनको लागि प्रकाशन हुने दिनका १ दिन वा सो अगावै यथासमयमै लिखित आदेश र सूचना उपलब्ध गराइनेछ तर आकस्मिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

७. सूचना प्रकाशन भएपश्चात तत्काल सूचना सहित देखिन गरी पत्रिकाको स्क्यान प्रति यस कार्यालयको इमेल ठेगाना (ito.barahatalmun@gmail.com) मा पठाउनुपर्ने छ र यथासम्भव छिटो माध्यमबाट पत्रिका समेत उपलब्ध गराउनुपर्नेछ ।

८. स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागको अवस्थामा कुनैपनि बखत १५ दिनको लिखित जानकारी दिई सम्झौता भंग गर्न सकिनेछ ।

## ग) प्रस्तावदाताहरुले प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१. फर्म दर्ता तथा नविकरण भएको इजाजत पत्र तथा मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित पत्रपत्रिकाको लागि विज्ञापन एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र (स्थानीय पत्रपत्रिकाको हकमा प्रकाशन गर्न अधिकारपत्र) को प्रतिलिपि, आ.व २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-पत्र (सम्भव भए सम्म आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण-पत्र) को प्रतिलिपि,

२. प्रस्तावदाताले यस कार्यालयको सूचना प्रकाशन कार्य गर्न राष्ट्रिय स्तरका पत्रिकाहरु -गोरखापत्र, कान्तिपर, नागरिक, अन्नपुर्ण पोष्ट, नेपाल समाचारपत्र, नयापत्रिका, कारोबार, राष्ट्रिय अभियान,सौर्य दैनिक, The Rising Nepal, The Kathmandu Post, Republica, Mission today, The Himalian Times लगायतका पत्रिकाहरु) को लागि आधिकारिक रुपमा एजन्सीका रुपमा काम गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र । स्थानीय पत्रपत्रिकाको हकमा प्रकाशन गर्ने अधिकारपत्र/अनमतिपत्र को प्रतिलिपि,

३. उपरोक्तानुसारको पत्रपत्रिकाको विज्ञापनको साइज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि ।

## घ) मूल्यांकन सम्बन्धी

१. तोकिएबमाजिमका कागजातहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनुरुप कार्य गर्न इच्छुक प्रस्तावदाताहरु मध्य सबैभन्दा बढी छुटको प्रस्ताव गर्ने तथा सबैभन्दा कम दररेटमा सूचना प्रकाशन गर्न मञ्जुर हुने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

## ङ) भुक्तानी सम्बन्धी

१. स्वीकृत प्रस्तावदाताबाट ताकिएको कार्यसम्पन्न भए पश्चात पेश हुन आएको विलको नियमानुसार भुक्तानी गरिनेछ । पेश्की तथा आंशिकरुपमा रकम उपलब्ध गराइने छैन ।

२. प्रस्ताव सम्बन्धी फाराममा उल्लेखित कबोल छुट प्रतिशत तथा दररेट चालु आर्थिक वर्ष भरीका लागि कायम रहको मानिनेछ ।

## ङ) विविध

१. प्रचलित कानून बमोजिम बुझाउनुपर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयमले व्यहोर्नुपर्नेछ ।

२. प्रस्ताव सम्बन्धी थप व्यवस्था सार्वजिनक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछन् ।

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी सुर्खेत
कर्णाली प्रदेश नेपाल
२०७३

## खण्ड–खः आर्थिक प्रस्ताव

| क्र.सं. | पत्रपत्रिकाको नाम (राष्ट्रिय स्तरका ‘क’ वर्गका दैनिक पत्रपत्रिका) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |

| क्र.सं. | पत्रपत्रिकाको नाम र प्रकार (स्थानीय स्तरका पत्रपत्रिका/दैलख तथा सुर्खेतबाट प्रकाशन हुने) | पत्रिकाको वर्ग | सूचना प्रकाशन हुने स्थान | दररेट (मूल्य अभिवृद्धि कर सहित) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १. | | | बाहिरी पृष्ठ | | |
| | | | भित्री पृष्ठ | | |
| | | | अन्तिम पृष्ठ | | |
| २. | | | बाहिरी पृष्ठ | | |
| | | | भित्री पृष्ठ | | |
| | | | अन्तिम पृष्ठ | | |
| ३. | | | बाहिरी पृष्ठ | | |
| | | | भित्री पृष्ठ | | |
| | | | अन्तिम पृष्ठ | | |

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रेम बहादुर सि.सी.
प्रमुख प्रशासकीय अधिकृत